परियोजनाको तर्फबाट राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा प्रकाशित

राजनीतिमा सीमान्तकृत महिलाहरुको सहभागिता अभिवृद्धिका लागि

# महिला विचार

# MAHILA BICHAR

त्रैमासिक बुलेटिन

वर्ष १, अंक ४, कातिक-पुस २०६६

Year 1, Vo. 4, Oct.-Dec. 2009

## यस अंकमा

- मध्यावधि समीक्षा बैठक - ३
- संविधानसम्बन्धी सार्वजनिक बहस - ४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ - ५
- अब महिलाका लागि महिला - ९
- महिला मञ्चलाई गाविसको बजेट - १०
- गीत/कविता - १०
- तस्विरमा महिला गतिविधि - ११




UNDEF The United Nations Democracy Fund

Association of District Development Committees of Nepal 2051

World Vision Advocacy Forum 2004

NIWF Kathmandu, Nepal Estd. 1998

# सम्पादकीय

सल्लाहकार समिति
हेमराज लामिछाने
नवराज अधिकारी
संगीनी राना मगर
दयासागर श्रेष्ठ

सम्पादन समिति
सोनी लामा
नवराज कोइराला
सुरेन्द्र विष्ट

सम्पादक
टुबल सापकोटा

सम्पादन सहयोगी
होमराज कुँवर
मायालु तामाङ

Advisor Committee
Hem Raj Lamichhane
Nava Raj Adhikari
Sangini Rana Magar
Daya Sagar Shrestha

Editorial Committee
Sony Lama
Nawa Raj Koirala
Surendra Bista

Editor
Tubal Sapkota

Editorial Assistant
Hom Raj Kunwar
Mayalu Tamang

**प्रकाशकीय:**
यस बुलेटिनमा प्रकाशित लेख तथा विचारहरूले सम्बद्ध संस्थाहरूको आधिकारिक धारणालाई प्रतिनिधित्व गर्दैन ।

Printed at:
Baidyaju Stationery & Printers
Kathmandu, Nepal
Tel: 4433412

## अधिकारसहित समयमै नयाँ संविधान


सामान्य रूपमा समाजका अन्य वर्ग वा समुदायभन्दा आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक रूपमा पछाडि पारिएका, एक्लिएका, समाजका अन्य समुदायबाट जातीय विभेद र छुवाछुतको व्यवहारद्वारा बहिष्कार गरिएका वर्ग वा समुदायलाई पछाडि पारिएका, एक्लिएका वा बहिष्करणमा पारिएका वर्ग र समुदाय भन्न सकिन्छ । यो वर्ग वा समुदाय राष्ट्रको मूल हिस्सामा समावेश हुन नसकेको हो । यस कारण समाजमा वर्षौंदेखि यो वर्ग वा समुदाय पछाडिको पछाडि नै छ । बहिष्करण भन्नाले असमावेशी व्यवहारलाई बुझाउँछ ।

अहिलेसम्मको अवस्थामा अल्पसंख्यक समुदायको परिभाषा ज्यादै विवादास्पद एवं चुनौतीपूर्ण छ । अल्पसंख्यकको पहिचान गर्ने स्पष्ट र सर्वस्वीकृत आधारहरू छैनन् भने भएका आधारहरू पनि जटिल छन् । यो भनेको यही नै भनेर यसको सर्वमान्य आधारहरू पाउन सकिंदैन । सामाजिक विज्ञानका अनुसार उत्पीडन, विभेद, शोषण र राजनीतिक एवं आर्थिक बन्चितीकरणमा परेका समुदायलाई अल्पसंख्यक भन्न सकिन्छ । राज्यबाट विभेदित र अधिनस्थ रूपमा रहेका, शारीरिक वा सांस्कृतिक मौलिकताका कारणले फरक रहेका र प्रभुत्वशाली वर्गबाट अस्वीकार गरिएका, सामूहिक पहिचान र साझा दायित्वको ज्ञान भएका, अल्पसंख्यकमा को पर्ने र को नपर्ने भन्ने बारेमा सामाजिक नियमले बांधिएका, र समुदायका सदस्यहरू आफ्नो समुदायभित्र बिबाह गर्न झुकाव राख्ने अल्पसंख्यक समुदायका विशेषता हुन् । सामान्य हिसाबमा हेर्दा शोषण र विभेदमा परेको समुदायलाई अल्पसंख्यक भन्न सकिन्छ । यस्तो भाषिक समुदाय हुनसक्छ, धार्मिक समुदाय हुनसक्छ, दलित समुदाय हुनसक्छ, क्षेत्रीय समुदाय हुनसक्छ र लैङ्गिक रूपमा पछाडि पारिएको वा विभेद गरिएको वर्ग हुनसक्छ ।

अल्पसंख्यक वा सीमान्तकृत निरपेक्ष हुंदैन सापेक्ष हुन्छ । अल्पसंख्यक वा बहुसंख्यक भनी छुट्याउने आधार जनसंख्या नै हो । यसका साथै विभेद, शोषण, आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक पछौटेपन जस्ता आधारमा पनि अल्पसंख्यक समुदायको पहिचान हुन सक्दछ । अन्तराष्ट्रिय दस्तावेजहरूलाई हेर्दा तीन वटा आधारहरूमा अल्पसंख्यकको पहिचान गरेको पाइन्छ । ती हुन् जातीय अल्पसंख्यक, भाषिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक । विश्वमा हालसम्म पहिचान भएका अल्पसंख्यक समुदायहरू जातीय अल्पसंख्यक, धार्मिक अल्पसंख्यक, भाषिक अल्पसंख्यक, लैङ्गिक वा यौनिक अल्पसंख्यक, उमेरका आधारमा अल्पसंख्यक र शारीरिक वा मानसिक अशक्तताको आधारमा अल्पसंख्यक छन् ।

विगतमा जे जस्तो भए पनि नेपालमा वर्षौंदेखि ठगिदै आएका आदिवासी, जनजाति, अल्पसंख्यक र सीमान्तकृत समुदायले अब बन्ने नयाँ संविधानमा भने अधिकार पाउनुपर्छ । राज्यबाट पछाडि पारिंदै आएका र ठगिंदै आएका समुदायलाई मूलधारमा ल्याउन पर्याप्त अधिकारसहित निर्धारित मिति २०५७ जेठ १४ गते नयाँ संविधान जारी गर्न सरोकारवाला निकाय क्रियाशील हुनुपर्छ ।

# मध्यावधि समीक्षा बैठक




● *महिला विचार संवाददाता*

**काठमाडौं** : राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि कार्यक्रमको समीक्षा गर्न मिति २०६६ कात्तिक २८ र २९ गते दोस्रो अर्धवार्षिक समीक्षा बैठक नगरकोटमा सम्पन्न भएको छ। विगत ६ महिना अर्थात् २००९ अप्रिलदेखि अक्टोबरभित्र भएका प्रगति तथा गतिविधिका बारेमा जानकारी आदनप्रदान गर्ने, समीक्षा गर्ने र आगामी दिनका लागि मार्गनिर्देशन गर्ने उक्त बैठकको उद्देश्य थियो।

उक्त कार्यक्रममा स्टेरिङ्ग कमिटीका सदस्य जिविस महासंघ नेपालका पदाधिकारी तथा कर्मचारीहरू, राष्ट्रिय योजना आयोगका माननीय सदस्य दिनेश देवकोटा, माननीय सभासद् कृष्णप्रसाद सापकोटा, कार्यक्रम लागू भएका जिल्लाका ५ जना स्थानीय विकास अधिकारीलगायत साझेदारी संस्था क्रमश: विश्व परिदृश्य वकालत मञ्च तथा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका कर्मचारीसहित २४ जनाको सहभागिता थियो। उक्त कार्यक्रममा ६ महिनामा भएको समष्टिगत प्रगति प्रतिवेदन कार्यक्रमका संयोजक दयासागर श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो। जिल्लाहरूमा भएको प्रगति विवरणहरू जिल्लाका स्थानीय विकास अधिकारीहरूबाट प्रस्तुत भएको थियो। बैठकमा संयुक्त छलफलबाट निम्न सहमति गरिएको छ :

- जिल्लामा गठन भएका लोकतान्त्रिक महिला मञ्च र जिल्ला लोकतान्त्रिक महिला मञ्चहरूको दीगोपना र थप विकासका लागि रणनीतिहरू विकास गर्ने।
- गाउँका महिलाहरूले माग गरेबमोजिम आयआर्जनका क्रियाकलापहरू कार्यक्रमअन्तर्गत हुन नसक्ने हुँदा ती मागहरू सम्बोधन गर्न ती मञ्चहरूलाई जिल्लास्थित विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरूसँग सम्वन्ध बढाउन सहयोग गर्ने।
- कार्यक्रमका बारेमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबीच सूचना आदानप्रदान गर्ने।
- दोस्रो चरणको कार्यक्रम सञ्चालनका लागि अवधारणा पत्र तयार गरी संयुक्त राष्ट्रसंघीय लोकतान्त्रिक मञ्चमा पेस गर्ने।



*समीक्षा बैठकमा प्रगति प्रस्तुत गर्दै काभ्रेका स्थानीय विकास अधिकारी*

CamScanner


# संविधानसम्बन्धी सार्वजनिक बहस

● *महिला विचार संवाददाता*

**काठमाडौं** : नेपालमा संविधान निर्माणको परिप्रेक्षमा संविधान निर्माण प्रक्रियामा सीमान्तकृत महिलाहरूको प्रत्यक्ष सहभागिता गराउने र उनीहरूलाई संविधान निर्माण प्रक्रियाका बारेमा जानकारी गराउने उद्देश्यले परियोजनाअन्तर्गत कार्यक्रम लागू भएका केही जिल्लामा संविधानसम्बन्धी बहस कार्यक्रम सञ्चालन गरिएको छ भने केही जिल्लामा कार्यक्रम सञ्चालन गर्न लागिएको छ ।

सञ्चालन भएका बहस कार्यक्रममा लोकतान्त्रिक महिला मञ्चहरू, जिल्ला लोकतान्त्रिक महिला मञ्चका सदस्यहरू, जिल्लास्थित राजनीतिक दलहरूका महिला संगठनका प्रतिनिधिहरू, जिल्लामा महिला अधिकारका लागि कार्यरत स्थानीय संघसंस्थाका महिला प्रतिनिधिहरूको सक्रिय सहभागिता थियो । उक्त बहस कार्यक्रममा संविधानसभा, संविधान निर्माण प्रक्रिया, हालसम्म भएको प्रगतिलगायतका बारेमा जानकारी गराइएको थियो । त्यस्तै संविधान निर्माणको क्रममा विद्यमान अन्तरिम संविधान र संविधानसभाका विषयगत समितिहरूले महिलासम्बन्धमा पारित गरेका निर्णयहरूबारे पनि छलफल गरिएको थियो । उक्त छलफलपछि सीमान्तकृत महिलाहरूको हकअधिकार संरक्षण र त्यसको संवैधानिक प्रत्याभूतिका लागि राय सुझावहरू संकलन गरिएको थियो ।

| क्र.सं. | जिल्ला | बहस कार्यक्रम आयोजना मिति |
|---|---|---|
| १ | संखुवासभा | २०६६।०९।२५ |
| २ | काभ्रे | २०६६।१०।०७ |
| ३ | लमजुङ्ग | २०६६।०९।२७ |
| ४ | बाँके | २०६६।१०।०८ |
| ५ | कंचनपुर | २०६६।१०।०६ |



*संविधानसभामा राय सुझाव दिन समूहगत छलफल गर्दै कञ्चनपुरका सहभागी ।*

# लैंगिकता र सडक नाटक प्रशिक्षण




**काठमाडौं** : लोकतान्त्रिक महिला मञ्चका पदाधिकारी तथा जिल्ला सहजकर्ताका लागि पाँच दिने लैगिकता, सामाजिक समावेशीकरण र जनवकालतसम्बन्धी प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ । नगरकोटमा नोभेम्बर १० देखि १४ सम्म भएको उक्त प्रशिक्षणमा परियोजना सञ्चालन भएका पाँच जिल्लाका २० जना प्रतिनिधि सहभागी थिए ।

कार्यक्रममा लैंगिक समानता, सामाजिक समावेशीकरण र जनवकालतका सम्बन्धमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । प्रशिक्षणमा स्रोत व्यक्तिका रुपमा ज्योति दनुवार, मीना विष्ट र ज्ञानबहादुर योञ्जनले सहभागीलाई सम्बन्धित विषयवस्तुमा प्रकाश पार्नु भएको थियो ।

त्यसैगरी सोही अवधिमा सहभागीलाई सडक नाटक प्रदर्शनका सम्बन्धमा पनि प्रशिक्षक प्रशिक्षण दिइएको थियो । सडक नाटकका सम्बन्धमा राजकुमार शाहले प्रशिक्षण



CamScanner

# घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

## घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

*प्रस्तावना :*

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

*१. संक्षिप्त नाम र प्रारम्भ :*

(१) यस ऐनको नाम "घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

*२. परिभाषा :*

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ।

(ग) "शारीरिक यातना" भन्नाले प्रचलित कानुन बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ।

(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ।

**"मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ।**

(ङ) "यौनजन्य यातना" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ।

(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ।

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दावी गर्ने व्यक्ति सम्झनु पर्छ।

(ज) "पीडक" भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निजविरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दावी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ।

(झ) "प्रहरी कार्यालय" भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ।

(ञ) "स्थानीय निकाय" भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको गाउँ विकास समिति वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ।

(ट) "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको

CamScanner

> घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घाउ जाँच गराउनु पर्नेछ। स्थानीय निकायले गराएको घाउ जाच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

### ३. घरेलु हिंसा गर्न गराउन नहुने :

(१) कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।

### ४. उजुरी गर्ने :

(१) घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ।

(३) राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोगसम्बन्धी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही हुनेछ।

(४) प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(५) स्थानीय निकायमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घाउ जाँच गराउनु पर्नेछ। स्थानीय निकायले गराएको घाउ जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

(७) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ। यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ।

(१०) प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ।

(११) उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरूबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा उपदफा (८) बमोजिमको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्नेछ।

(१२) उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तव्य हुनेछ।

### ५. अदालतले कारबाही गर्ने :

(१) दफा ४ को उपदफा (११) बमोजिम उजुरी प्राप्त भएमा अदालतले सोही उजुरीको आधारमा यस ऐन बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ।

(२) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले चाहेमा सोझै

> घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ।

CamScanner

अदालतमा उजुरी दिन सक्नेछ ।

### ६. *अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने :*

(१) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न,

(घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(ङ) पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(च) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

(२) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई उपदफा (१) बमोजिमको कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले सो उपदफा बमोजिमको कुनै आदेश दिन सक्नेछ ।

### ७. *बन्द इजलासमा सुनुवाइ गर्ने :*

(१) पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

> **"घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।"**

### ८. *संक्षिप्त कार्यविधि अपनाउनु पर्ने :*

यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

### ९. *उपचारको रकम पीडकले व्यहोर्ने :*

(१) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ ।

### १०. *क्षतिपूर्ति दिलाइदिने :*

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

### ११. *सेवा केन्द्र :*

(१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ ।

(४) सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(५) सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

CamScanner

**१२. सेवा कोष :**

(१) दफा ११ को उपदफा (१) बमोजिम स्थापना भएका सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) सेवा कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१३. सजाय :**

(१) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने छ ।

(२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

**"कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने छ । घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।"**

(४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।

(५) कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

**१४. हदम्याद :**

यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ ।

**१५. प्रचलित कानुन बमोजिम मुद्दा चलाउन बाधा नपर्ने :**

यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानुन बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**१६. प्रचलित कानुन बमोजिम हुने :**

यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

*(यो ऐन २०६६ वैशाख १४ गते प्रमाणीकरण भएको हो ।)*



**विश्व परिदृष्य वकालत मञ्चले सञ्चालन गर्दै आएको यस परियोजनाको रेडियो कार्यक्रम "महिला आवाज" सुन्न नबिर्सनु होला । हाम्रो रेडियो कार्यक्रम निम्न रेडियो स्टेशन तथा समयमा सुन्न सक्नु हुनेछ :**

१) उज्यालो एफ एम, ९०.० मेगाहर्ज, काठमाडौं, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

२) रेडियो खाँदबारी, १०५.८ मेगाहर्ज, संखुवासभा, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

३) रेडियो नमोबुद्ध, १०६.७ मेगाहर्ज, काभ्रेपलाञ्चोक, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

४) मर्स्याङ्दी एफ एम, ९५.० मेगाहर्ज, लमजुङ, प्रत्येक शुक्रबार साँझ ७:०० देखि ७:३० बजेसम्म ।

५) रेडियो भेरी, ९४.५ मेगाहर्ज, बाँके, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८:०० बजेसम्म ।

६) शुक्लाफाँटा एफ एम, ९९.४ मेगाहर्ज, कञ्चनपुर, प्रत्येक शुक्रबार साँझ ७:१५ देखि ७:४५ बजेसम्म ।

CS CamScanner

# अब महिलाका लागि महिला

● *देवी पन्त*

नेपालमा करिब पौने तीन करोड जनसंख्यामध्ये ५५ प्रतिशत महिला नै रहेको विभिन्न तथ्याङ्कले प्रमाणित गरिसकेको छ । नेपाली समाजमा महिला अधिकारका सम्बन्धमा भन्नु पर्दा महिलाहरूलाई मानवका रुपमा हेर्न सकिरहेको अवस्था छैन । महिलाहरूलाई स्याहारे, सुसारे, रखौटे र दासीका रुपमा व्यवहार गर्दै आएको पाइन्छ । महिलाहरूबाट नै सृष्टि चलेको छ, संसारका वैज्ञानिक, दार्शनिक, इन्जिनियर, पाइलट र विभिन्न नामका ईश्वरहरू पनि महिलाबाट नै जन्मिएका हुन् । तर, तिनै महिलालाई सबभन्दा कमजोर वर्गका रुपमा हेर्ने गरिन्छ । अरुको घरमा जाने जात भनेर महिलालाई पछि पार्दै आएको पाइन्छ ।

घर परिवारबाटै महिलाका विरुद्धमा धावा बोलिन्छ । त्यसैगरी गाउँ, टोल, जिल्ला र अञ्चल कुनै ठाउँमा पनि महिलाको अधिकार स्थापित हुन सकिरहेको छैन् । राज्यद्वारा निर्माण गरिएको नीति नियममा पनि महिलाका पक्षमा अधिकार दिएको पाइँदैन् । महिला र पुरुषलाई एउटा रथका दुई पाङ्ग्रा भनिए पनि व्यवहारमा त्यो भएको पाइँदैन । पुरुषप्रधान समाजमा पितृसत्तात्मक व्यवहार लादिएको छ । 'मर्दका दशवटी' र 'खुट्टा भए जुत्ता कति कति' भन्ने टुक्का बनाएर महिलालाई अमानवीय व्यवहार भइरहेको छ । परापूर्वकालदेखि नै महिलाहरूमाथि अन्याय, अत्याचार र व्यभिचार भइरहेको पाइन्छ । जस्तै महिलाले पतिसँग सती जानुपर्ने तर पुरुषले पत्नीसँग सती जानु नपर्ने । त्यतिबेला महिलालाई जिउँदो लाससँग तुलना गर्ने चलन थियो । खाउँ-खाउँ, लाउँ-लाउँ भन्ने उमेरमा पतिको लाससँग जिउँदै जल्नुपर्ने सती प्रथा कति जर्जर थियो होला । अवस्था कति नियम, कानुन बनाउने पुरुष प्रधान कानुनको खारेजि गर्न महिला नै अगाडि बढेर शिक्षित भएर आफ्नो खुट्टामा आफैं उभिन सक्ने स्वावलम्वि बन्नु आवश्यक देखिन्छ ।

अहिले पनि नेपाली महिलाको अवस्थामा खासै परिवर्तन भएको पाइँदैन । महिलाका लागि काम गर्न पुरुष मन्त्री बनाउने गरिन्छ । महिला तथा बालबालिका मन्त्रालयमा अहिले पनि पुरुष मन्त्री बनाइन्छ । यसो गरिनु महिलाको अधिकार हनन् हो । महिलालाई सन्तान जन्माउने भाँडाको रुपमा प्रयोग गर्दै आएको सामन्ती युगको वर्णन गर्दा यसका कैयौं चरणहरू पाइन्छन् । जबसम्म महिला अधिकार पूर्ण रुपमा प्राप्त गर्न सकिदैन तबसम्म सामन्ती युगको अन्त्य हुन सक्दैन । एउटा मानिसले मखुण्डो जस्तोसुकै आकारको पनि लगाएर देखाउन सक्छ । त्यसैले महिला दिदीबहिनी सबैले मखुण्डोधारीहरूको मखुण्डो निकालेर सक्कली रुप हेर्न सक्नुपर्छ । यसको लागि सिंगो देश मेची, महाकाली, हिमाल, पहाड, तराईका महिला शिक्षित हुन आवश्यक छ । महिला अधिकारका लागि महिलाबाटै प्रशिक्षण, तालिम, सेमिनारको व्यवस्था गरी टोल, गाउँ, शहर जहाँसुकै महिला चेतना जगाउनुपर्छ । महिलाको अधिकारका निमित्त महिला वर्गबाटै कानुन निमार्ण गरिनुपर्छ । महिलालाई घर परिवारमा मात्रै आश्रित भएर बाँच्ने वातावरणको अन्त्य गरी रोजगारीको अवसर दिइनु पर्छ । राजनीतिक, आर्थिक, धार्मिक, सामाजिक, नैतिक रुपमा समान सहभागिताको पहुँच पुऱ्याउनुपर्छ । विधवा तथा एकल महिलाका लागि रोजगारीमा प्राथमिकता दिइनुपर्छ । पैतृक सम्पतिलगायत अन्य आर्थिक पाटोमा समान पहुँच कायम गर्नुपर्छ ।

हाल हाम्रो देश नेपालमा सुधारवादी सामन्तहरूले महिलाका लागि सयमा एक प्रतिशत पनि व्यवहारिक कानुन निर्माण गर्न सकिरहेका छैनन् । यसका ज्वलन्त उदाहरणहरू छन् । महिला बेच-बिखान चलिरहेको छ । ज्यान मार्ने र बेच्ने काम भइरहेको छ । महिलालाई एउटा जनावर वा वस्तुको रुपमा प्रस्तुत गरिएको छ । वेश्यालयको विस्तार गरिँदै छ । होटेल र रेष्टुरेन्टहरूमा महिलाहरूको नाङ्गो नाच देखाइँदै आएको छ । महिलालाई कठपुतली बनाएर झ्यालमा सजाएर राखिएको छ । महिलालाई भोगविलासको साधन बनाइएको छ । कतिपय महिलालाई माइतीबाट सम्पति नल्याएको भन्दै हत्या गरिएको छ । कतिपय महिलालाई वेश्यालय लगेर बेचिएको छ । महिलाहरूलाई अन्य नाठा वा केटाको आरोप लगाई हत्या भइरहेको छ ।

अब विश्वकै महिलाहरू एकजुट भएर अधिकारको बहस गर्ने बेला आएको छ । महिलामाथि गरिने भेदभाव, अन्याय, अत्याचार, शोषण, हत्या, दमन आदि गर्ने गराउने अपराधीलाई कडा सजायँ हुने कानुन बन्नु पर्छ । महिलाका लागि महिला भन्ने नारा बनाएर अगाडि बढ्नु पर्छ । कानुनको महिला होइन महिलाको कानुन बन्नुपर्छ । तस्बिरको महिला होइन वास्तविक महिला बन्नुपर्छ । अब छायाँ हैन एउटा उज्यालो बन्नुपर्छ ।

**महिलालाई अधिकार दिनेहरू व्यवहारमा यसो गर्छन् :**

महिला बेचबिखान रोक्नुपर्छ भन्नेहरू,
आफैं वेश्यालय खोलेर महिला बेचबिखान गर्दैछन् ।
महिला हिंसा रोक्नुपर्छ भन्नेहरू,
महिलामाथि हिंसा गर्दै छन् ।
महिला हत्या, बलत्कार रोक्नुपर्छ भन्नेहरू,
बलात्कार र हत्या गर्दै छन् ।
महिला अधिकार दिनुपर्छ भन्नेहरू,
महिलालाई दमन गर्दैछन् ।
महिला कानुन बनाउनुपर्छ भन्नेहरू
कानुन बनाएको तर काम नगरेको भन्दैछन् ।
महिला स्वतन्त्रता दिनुपर्छ भन्नेहरू
महिलालाई घरैदेखि दमन गर्दैछन् ।
महिला रोजगारी दिनुपर्छ भन्नेहरू
कहिलाले काम गर्न सक्दैनन् भन्दैछन् ।
महिला न्याय दिनुपर्छ भन्नेहरू,
न्याय दिन कठोर बन्दैछन् ।

*(उपाध्यक्ष
लालीगुराँस लोकतान्त्रिक महिला मञ्च
देवभूमि बालुवा-८, रानीपानी
काभ्रेपलाञ्चोक)*

CS CamScanner

## • महिला मञ्चलाई गाविसबाट बजेट

# संखुवासभामा दुई लाख ५२ हजार

**संखुवासभा** : राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि कार्यक्रमअन्तर्गत गठित संखुवासभाका पाँचवटै लोकतान्त्रिक महिला मञ्चका लागि गाउँ परिषद्ले रकम विनियोजन गरेको छ। आर्थिक वर्ष २०६६/०६७ का लागि विनियोजित रकममा क्रमशः वानेश्वरस्थित मञ्चलाई ६० हजार, खराङस्थित मञ्चलाई ५० हजार, स्यावुनस्थित मञ्चलाई ४२ हजार, धुपुस्थित मञ्चलाई ५० हजार र मत्स्यपोखरीस्थित मञ्चलाई ५० हजार रुपैयाँ विनियोजन गरिएको छ।

महिला सशक्तिकरणका लागि विनियोजित उक्त रकम मञ्चहरूले स्थानीय संघसंस्था तथा निकायहरूसँग समन्वय गर्दै विभिन्न चेतनामूलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालनमा खर्च गर्नेभएका छन्।

अघिल्ला केही वर्षदेखि नै गाउँ विकास अनुदान सञ्चालन निर्देशिकामा लक्षित कार्यक्रमअन्तर्गत महिला सशक्तिकरण विकासका लागि निश्चित रकम छुट्याउनुपर्ने उल्लेख भए पनि महिलाहरूको आधिकारिक संगठन नभएका कारण उक्त रकमसमेत विकास निर्माणका कार्यमा खर्च हुँदै आएको थियो। परियोजनाले संखुवासभाका ५ गाविसमा कार्यक्रम सुरु गरेपछि स्थानीय निकायहरूसँग समन्वय र सम्पर्क गरी सचेतीकरणका विभिन्न कार्यक्रम सञ्चालन हुन थालेका छन्।

यसै क्रममा आर्थिक वर्ष २०६६/०६७ को गाउँ परिषदमा ६ वटै लोकतान्त्रिक महिला मञ्चले विभिन्न चेतनामूलक कार्यक्रम वार्षिक रुपमा गर्ने लक्ष्यसहित प्रस्तावना र अनुमानित बजेट तयार गरी पेस गरेका थिए। त्यसअनुसार परीक्षणकै रुपमा भए पनि मञ्चहरूलाई उक्त रकम विनियोजन गरिएको हो।

# काभ्रेपलान्चोकमा दुई लाख ७५ हजार

**काभ्रे** : काभ्रेमा सञ्चालित पाँचवटै गाविस स्तरीय लोकतान्त्रिक महिलाका लागि सम्बन्धित गाविसले रकम विनियोजन गरेका छन्। आर्थिक वर्ष २०६६/०६७ का लागि देवभूमि गाविसले लालीगुराँस लोकतान्त्रिक महिला मञ्चका लागि ६४ हजार, सापिङ गाविसले सूर्यमुखी लोकतान्त्रिक महिला मञ्चका लागि ५० हजार, फलाँटे गाविसले सगरमाथा लोकतान्त्रिक महिला मञ्चका लागि ६६ हजार एक सय चार, सिम्थली गाविसले मखमली लोकतान्त्रिक महिला मञ्चका लागि ५० हजार र वेखसिम्ले गाविसले मनकामना लोकतान्त्रिक महिला मञ्चका लागि ४५ हजार रुपैयाँ विनियोजन गरेका हुन।

# गीत

• *देवकी विक*

स्वागत स्वागत स्वागत गर्छौं स्वीकार्नुस् है हाम्रो स्वागत
स्वागत गर्छौं हृदयदेखि स्वीकार्नुस् है हाम्रो स्वागत
स्वागत स्वागत स्वागत गर्छौं उपस्थित अतिथिलाई

समाजको भलाईमा अब जुटौं सबै नारी
सागरको मोती टिप्ने लक्ष्य बोकी उठौं नारी
स्वागत....

यो जानकारी समाजमा सबले पाको पहिला भो
हिजोसम्म समाजमा पछि पऱ्या महिला नै हो
स्वागत ...

यो समाजमा महिला पनि धेरै विद्वान बनिसके
जति पछि पर्नु पऱ्यौं महिलाले नै भनिसके
स्वागत ...

*(काभ्रे जिल्ला स्तरीय लोकतान्त्रिक महिला मञ्च)*

# कविता


• *नलुकुमारी गुरुङ*

सीमान्तकृत लोपोन्मुख जातिमा
ल्याउनैपर्छ राजनीतिक मूलधारमा
सामाजिक, आर्थिक अधिकार
संविधान र व्यवहारमा लागू गर
छोरा स्कुल छोरीलाई दाउरा-घाँस
एउटै सन्तान नगरौं पक्षपात
आयौं हामी सुशासन तालिम लिनलाई
चेतनामा परिवर्तन ल्याउनलाई
यो तालिममा सिक्दै र बुझाउँदै
सबैलाई बुझाउ व्यवहारमा उतार्दै
छरिएर होइन गोलबन्द भएर
संविधान लेखौं जागरुक भएर
सीमान्तकृत नबनौं कमजोर
अब आवाज उठाउँ है जोड्दार
लियौं तालिम लैंगिक र सुशासन
आजैदेखि सुरु गरौं है अभियान

*(नौथर, लमजुङ)*

CamScanner

# तस्बिरमा महिला गतिविधि



काभ्रेमा परियोजना समीक्षा बैठकका सहभागी ।



काभ्रेमा परियोजना समीक्षा बैठकका सहभागी ।




लमजुङमा लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधि ।



काभ्रेमा आयोजित तालिमका सहभागी ।



काभ्रेको बालुवा गाविसमा आयोजित कार्यक्रमका सहभागी ।



काभ्रेको ग्रामीण क्षेत्रका महिला ।

CamScanner



पाँचै जिल्लाका लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधि ।



कञ्चनपुरमा लोकतान्त्रिक महिला मञ्चका प्रतिनिधि ।



ग्रामीण क्षेत्रका महिला ।



लोकतान्त्रिक महिला मञ्च लमजुङका प्रतिनिधि नाच्दै ।

तपाई पनि राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउन चाहानुहुन्छ भने हामीलाई सामग्री पठाई सहयोग गर्नुहोस् । हामी तपाईले पठाउनु भएको उचित सामग्री त्रैमासिक बुलेटिन वा रेडियोमार्फत प्रसारण गर्नेछौं ।

## हामीलाई सामग्री पठाउने ठेगाना:


तारा दर्जी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, संखुवासभा-९८४२१९३५१९
सजना आले मगर, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक-९८४१९५०५४२
संगीता अधिकारी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, लमजुङ-९७४६००१३८०
लक्ष्मी चौधरी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, बांके-९८४८०५२५८७
सुनिता बसुवा (दर्जी), जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर-९८४८७२४४१

वा

हाम्रो पोष्ट बक्स नम्बर : ११९२३, काठमाडौं, फोन: ०१-४९९००६३, फ्याक्स: ०१-४९९१०३७
ईमेल: ppukorg@wlink.com.np